# वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर चितवन
## कार्यक्षमताको मूल्यांकनद्वारा हुने बढुवाको सूचना

मिति : २०७३/११/१२

यस अस्पताल पदपूर्ति समितिको मिति २०७३/११/११ गतेको बैठकको निर्णय अनुसार प्राविधिक सेवाका तपसीलका समूह, उपसमूहको पदहरुमा **कार्यक्षमताको मूल्यांकनको** आधारमा बढुवा गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका इन्छुक कर्मचारीहरुले आफूले प्राप्त गरेको तालिम र अनुभवको प्रमाणपत्रहरुको १/१ प्रति प्रमाणित प्रतिलिपिहरु समावेश गरी सूचनामा तोकिए अनुसारको दस्तुर तिरी अस्पताल प्रशासन शाखाबाट प्राप्त हुने वी. पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल नियमावली २०६६ बमोजिम बढुवाको दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस अस्पतालको प्रशासन शाखामा आवेदन दर्ता गर्नु हुन लोक सेवा आयोगको प.सं.०७३/७४ च.नं. ३५० मिति २०७३/११/११ को पत्रबाट प्राप्त सहमति अनुसार यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी र म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १. | ३१/०७३-७४ | कन्सल्टेन्ट, प्राविधिक (स्वास्थ्य), मेडिकल(चिकित्सक), सर्जिकल अंकोलोजी (गाइनोकोलोजी अंकोलोजी) | अधिकृत ख | १ (एक) |
| २. | ३२/०७३-७४ | कन्सल्टेन्ट, प्राविधिक (स्वास्थ्य), मेडिकल(चिकित्सक), सर्जिकल अंकोलोजी (इएनटी/हेड एण्ड नेक) | अधिकृत ख | १ (एक) |
| ३. | ३३/०७३-७४ | कन्सल्टेन्ट, प्राविधिक (स्वास्थ्य), मेडिकल(चिकित्सक), मेडिकल अंकोलोजी (पेडियाट्रिक) | अधिकृत ख | १ (एक) |
| ४. | ३४/०७३-७४ | ओभरसियर, प्राविधिक (अन्य), हस्पिटल इञ्जिनियरिङ्ग, जनरल मेन्टिनेन्स (सिभिल/इलेट्रिकल) | सहायक ख | १ (एक) |
| ५. | ३५/०७३-७४ | हेल्पर, प्राविधिक (अन्य), हस्पिटल इञ्जिनियरिङ्ग, जनरल मेन्टिनेन्स (सिभिल) | प्रारम्भिक ख | १ (एक) |

**परीक्षा दस्तुर:** अधिकृतस्तरको लागि रु.४००।- (चार सय) र सहायक स्तरको लागि रु.३००।- (तीन सय)।

**आवश्यक न्युनतम योग्यता:**

१. कन्सल्टेन्ट, प्राविधिक (स्वास्थ्य), मेडिकल(चिकित्सक), सर्जिकल अंकोलोजी (गाइनोकोलोजी अंकोलोजी): मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल र सम्बन्धित उपसमुहको स्थायी जुनियर कन्सल्टेन्ट पदमा चार वर्षको अनुभव।

२. कन्सल्टेन्ट, प्राविधिक (स्वास्थ्य), मेडिकल(चिकित्सक), सर्जिकल अंकोलोजी (इएनटी/हेड एण्ड नेक): मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल र सम्बन्धित उपसमुहको स्थायी जुनियर कन्सल्टेन्ट पदमा चार वर्षको अनुभव।

३. कन्सल्टेन्ट, प्राविधिक (स्वास्थ्य), मेडिकल(चिकित्सक), मेडिकल अंकोलोजी (पेडियाट्रिक): मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल र सम्बन्धित उपसमुहको स्थायी जुनियर कन्सल्टेन्ट पदमा चार वर्षको अनुभव।

४. ओभरसियर, प्राविधिक (अन्य), हस्पिटल इन्जिनियरिङ्ग, जनरल मेन्टिनेन्स (सिभिल/इलेट्रिकल): मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. वा टि.एस.एल.सि. उतिर्ण गरी सम्वन्धित बिषयमा तालिम प्राप्त र सम्बन्धित उपसमुहको सुपरभाइजर/सबओभरसियर/जुनियर असिष्टेण्ट पदमा सात वर्षको अनुभव।

५. हेल्पर, प्राविधिक (अन्य), हस्पिटल इञ्जिनियरिङ्ग, जनरल मेन्टिनेन्स (सिभिल): साधारण लेखपढ गर्न जान्ने र सम्वन्धीत बिषयमा तालिम प्राप्त र सम्बन्धित उपसमुहको एक तह मुनिको पदमा सात वर्षको अनुभव।

डा. चिनबहादुर पुन
सदस्य सचिव
पदपूर्ति समिति